# निर्णयहरू

१. नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७६/७/२९को निर्णय र माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश कुमार भट्टराईज्यूले बैठकमा राख्नु भएका भ्रमण वर्ष २०२० सँग सम्बन्धित विषयहरूमा सबै मन्त्रालय/निकायहरूले नेपाल भ्रमण वर्ष २०२० लाई सफल पार्न आ-आफ्नो निकायसँग सम्बन्धित कार्यहरूलाई उच्च प्राथमिकताका साथ सम्पन्न गर्ने ।

२. नेपाल सरकार (मं.प.)बाट स्वीकृत सङ्घीयता कार्यान्वयन सहजीकरण कार्ययोजना कार्यान्वयनको सन्दर्भमा देहाय बमोजिम गर्ने:-

क. प्रदेश सरकारबाट माग भएका जग्गा तथा भवनका सम्बन्धमा नेपाल सरकारका सम्बन्धित मन्त्रालयको सहमति लिई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट र स्थानीय तहबाट माग भएका जग्गा तथा भवनका विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्तावित जग्गाको स्वामित्व नेपाल सरकारमा रहने र प्रदेश/स्थानीय तहका निकायहरूले उपयोग गर्ने गरी नेपाल सरकार(मं.प.) मा प्रस्ताव गर्ने ।

ख. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको प्रदेश तथा स्थानीय तहमा समायोजन सम्वन्धमा मिलाउन बाँकी विषयहरू नागरिकहरूलाई प्रवाह हुने सेवामा प्रतिकूल असर नपर्ने गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समन्वय गरी तत्काल मिलाउने ।

ग. सङ्घ, प्रदेश र स्थानीय तहको काम कारबाहीलाई सहजता प्रदान गर्न स्थानीय तथा प्रदेश तहबाट अनुरोध भई आएका विषयहरूमा सङ्घीय तहबाट थप सिर्जनशील,समन्वयात्मक एवम् सहकार्यात्मकरूपमा सम्पादन गर्ने।

घ. प्रदेश तथा स्थानीय तहबाट वैदेशिक सहायता लिने तथा सम्बन्ध विस्तारका विषयमा संविधान र नेपाल सरकारबाट जारी भएका निर्देशिका, कार्यविधिहरूको अवलम्वनगरी सहजीकरण गर्ने। प्रमुख सचिवहरूले उल्लिखित कानुनहरूको व्यवस्था अवलम्बन गरी सो सम्बन्धी काम कारबाही अगाडि बढाउने। प्रमुख सचिवहरूले उठाउनु भएका समस्या समाधान गर्न सम्बन्धित सचिवले तत्काल पहल गर्ने।

३. सम्माननीय-प्रधानमन्त्रीज्यूको निर्देशन बमोजिम सबै मन्त्रालय र अन्तर्गतका निकायहरूको सम्पन्न हुन बाँकी ठेक्काहरूको एकीकृत विवरण मिति २०७६/०८/२४ गते भित्र तथा मन्त्रालय र अन्तर्गतका निकायहरूले प्रदान गरेको अनुदानको विवरण मिति २०७६/०९/०४ गते भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउन पत्राचार भएकोमा पठाउन बाँकी मन्त्रालयहरूबाट एकीकृत विवरण विश्लेषण सहित अविलम्ब उपलब्ध गराउने ।

२०७६/९/६

मुख्य सचिव